# बैठक संख्याः २० औं

मितिः २०८२।०३।१६ सोमबार    समयः दिनको ४:०० बजे    स्थानः सि.न.पा.को सभा हल

सिद्धार्थनगर नगरपालिकाका प्रमुख श्रीमान् इश्तियाक अहमद खाँज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री इश्तियाक अहमद खाँ | नगर प्रमुख | |
| २ | श्री उमा अधिकारी | नगर उपप्रमुख | |
| ३ | श्री उज्जवल पोखरेल (वडा अध्यक्ष - वडा नं. १) | कार्यपालिका सदस्य | |
| ४ | श्री छेदीलाल श्रीवास्तव (वडा अध्यक्ष - वडा नं. २) | कार्यपालिका सदस्य | |
| ५ | श्री नारायण प्रसाद उपाध्याय (वडा अध्यक्ष - वडा नं. ३) | कार्यपालिका सदस्य | |
| ६ | श्री मुक्तिनाथ यादव (वडा अध्यक्ष - वडा नं. ४) | कार्यपालिका सदस्य | |
| ७ | श्री पुरन प्रसाद श्रेष्ठ (वडा अध्यक्ष - वडा नं. ५) | कार्यपालिका सदस्य | |
| ८ | श्री विरेन्द्रनाथ श्रीवास्तव (वडा अध्यक्ष - वडा नं. ६) | कार्यपालिका सदस्य | |
| ९ | श्री दामोदर शर्मा घिमिरे (वडा अध्यक्ष - वडा नं. ७) | कार्यपालिका सदस्य | |
| १० | श्री राजन जंग राणा (वडा अध्यक्ष - वडा नं. ८) | कार्यपालिका सदस्य | |
| ११ | श्री शेषकान्त भण्डारी (वडा अध्यक्ष - वडा नं. ९) | कार्यपालिका सदस्य | |
| १२ | श्री सुर्जमन अहिर यादव (वडा अध्यक्ष - वडा नं. १०) | कार्यपालिका सदस्य | |
| १३ | श्री दिलीप कुमार यादव (वडा अध्यक्ष - वडा नं. ११) | कार्यपालिका सदस्य | |
| १४ | श्री कुमार गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १२) | कार्यपालिका सदस्य | |
| १५ | श्री सोम बहादुर गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १३) | कार्यपालिका सदस्य | |
| | धानेश्वर पाण्डे (वडा सदस्य-८) | का.वी. अध्यक्ष | |

| | | | |
|---|---|---|---|
| १६ | श्री द्रुपदा पनेरु | कार्यपालिका सदस्य | |
| १७ | श्री बीना माया ज्ञवाली | कार्यपालिका सदस्य | |
| १८ | श्री रुपा कुमारी सुनार बराईली | कार्यपालिका सदस्य | |
| १९ | श्री सविता हरिजन | कार्यपालिका सदस्य | |
| २० | श्री गयीतिरा चमार | कार्यपालिका सदस्य | |
| २१ | श्री सुभावती चमार | कार्यपालिका सदस्य | |
| २२ | श्री केदार प्रसाद बरै | कार्यपालिका सदस्य | |
| २३ | श्री शिव नारायण कोइरी | कार्यपालिका सदस्य | |
| २४ | श्री जनक थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| २५ | श्री देव प्रसाद ज्ञवाली | वरिष्ठ अधिकृत, साँतौं (प्रशासनीक काम गर्ने) | |
| २६ | श्री ओमेश कुमार गैरे | वरिष्ठ लेखा अधिकृत | |

***प्रस्तावहरु :***

१. १८ औं नगरसभाको नीति तथा कार्यक्रम छलफल सम्बन्धमा ।

२. विविध ।

बैठक सख्या: २०औं

मिति २०८२/०३/१६ को नगर कार्यपालिका बैठकको निर्णयहरुः-

निर्णय नं.- १(एक)

सिद्धार्थनगर नगरपालिकाको नगर सभाको १८ औं अधिवेशनमा पेश हुने आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमको मस्यौदा कार्यपालिका वैठकमा पेश भइ छलफल भयो । सो मस्यौदा पुर्ण रुपमा तयार गरी सोमा थप छलफल गर्नुपर्ने हुँदा अर्को कर्यपालिका वैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २(दुई) विविधः

१. सिद्धार्थनगर नगरपालिकामा प्राविधिक कर्मचारी करारमा व्यवस्थापन गर्ने ऐन, २०८१ वमोजिम मिति २०८१/१२/११ मा सेवा करारमा पदपुर्ति गर्ने सम्वन्धी सूचना वमोजिम सहायक कम्प्युटर अपरेटर (विज्ञापन नं. ९/२०८१/०८२) पद कार्यालय सहयोगी (विज्ञापन नं. १०/२०८१/०८२) पदको लिखित परीक्षाको समय तालिका अनुसार कम्प्युटर अपरेटर पदको मिति २०८२/०१/२३ र कार्यालय सहयोगी पदको २०८२/०१/२५ गते हुनी सूचना प्रकाशन भएकोमा उक्त पदहरुमा विशेष कारण वश हाललाइ लिखित परीक्षाको सवै कार्यक्रमहरु अर्को सूचना जारी नभए सम्मका लागि स्थगित गर्ने भनी मिति २०८२/०१/२२ को पदपुर्ति समितिको निर्णयानुसार मिति २०८२/०१/२२ मा प्रकाशित सूचना र पदपुर्ति समितिको निर्णयलाइ यस कार्यपालिका वैठकवाट अनुमोदन गरियो।

   उक्त पदहरु सहायक कम्प्युटर अपरेटर र कार्यालय सहयोगीको विज्ञापन आव्हान भइ दरखास्तहरु लिइ लिखित परीक्षाको प्रकृया अगाडी वढाइएकोमा सिद्धार्थनगर नगरपालिकामा प्राविधिक कर्मचारी करारमा व्यवस्थापन गर्ने ऐन, २०८१ मा नेपालको संविधान वमोजिम समावेशी परीक्षाको व्यवस्था नभएको हुँदा सो सम्वन्धमा समावेशी वर्गमा पर्ने नागरिकहरुवाट आवाज उठेको तथा सो सम्बन्धमा पत्रकारहरुवाट समेत आवाज उठेको, कानुन निर्माण गर्दा समावेशी हुने गरी बनाउनु पर्ने भनी डेलिगेशन आउने गरेको, समावेशी बनाउनु पर्ने भनी विरोधका कार्यक्रमहरु भएको हुँदा यस सम्बन्धमा कार्यपालिका वैठकमा गम्भिरताका साथ छलफल भयो । सिद्धार्थनगर नगरपालिकामा प्राविधिक कर्मचारी करारमा व्यवस्थापन गर्ने ऐन, २०८१ कानुनमा समावेशी विषय राख्नु पर्ने व्यवस्था संवैधानिक हकको गम्भिर विषय हुँदा नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन ऐन, २०८१ लाई नै संशोधन गर्नु पर्ने र सो कानुन संशोधन भएपश्चात अहिले मौजुदा परेका दरखास्तवाट परीक्षाको कार्यक्रम सन्चालन गर्ने नमिल्ने भएकोले पुनः विज्ञापन गरी पदपुर्तिको प्रकृया अगाडी वढाउनु पर्ने हुँदा स्थगित सवै परीक्षाका कार्यक्रमहरु बदर गर्ने निर्णय गरियो र उल्लेखित पदहरुमा दरखास्त पेश गर्दा समावेश गरेको परीक्षा दस्तुर निजहरुलाइ फिर्ता गर्ने निर्णय गरियो ।

२. सिद्धार्थनगर नगरपालिकामा प्राविधिक कर्मचारी करारमा व्यवस्थापन गर्ने ऐन, २०८१ लाई समावेशी सहितको विषयलाई समावेश गरी संशोधन गर्न महशुस भएको र अन्य संशोधन गर्नुपर्ने विषयहरुमा समेत संशोधनको मस्यौदा तयार गरी आगामी कार्यपालिका वैठकमा विधेयक संशोधनको मस्यौदा तयार पारी पेश गर्न विधेयक समितिलाइ निर्देशन दिने निर्णय गरियो ।